

# सफल कृषि व्यवसायी : प्रमिलादेवी यादव



- आशा यादव

कृषि व्यवसायको क्षेत्रमा अनुकरणीय काम गरिरहेकी प्रमिलादेवी यादवको जन्म २०१७ सालमा सिराहा जिल्लामा भएको थियो । आमा अनुरागि यादव र बुबा नन्दि लाल यादवकी छोरी प्रमिलाले कृषिमा गरेको मिहेनतबाट नै मनग्गे आम्दानी गर्दै आउँनुभएको छ । प्रमिलाको एक छोरी र एक छोरा छन् ।

प्रमिलादेवीको विवाह सिराहा जिल्लाकै पुलकित यादवसँग भयो । घरको नयाँ बुहारी भएकाले घरको चलन र व्यवहार उहाँले विस्तारै सिक्दै जानुभयो । घरको सम्पूर्ण काम इष्टमित्रप्रतिको व्यवहार, खेतीपाती, हलीगोठाला, ढिकीजाँतो सम्पूर्ण काम उहाँले नै गर्नुपर्दथ्यो । उहाँले 'म यो काम गर्न सक्दिनँ' भनेर कहिल्यै भन्नुभएन । घर बाहिरको काम होस् या घर भित्रको खाना पकाउने जस्ता काम हुन्, जे पनि गर्न सक्ने र जस्तो समस्या आए पनि सामना गर्न सक्ने क्षमता थियो उहाँमा ।

उहाँ आमा भएपछि भूमिकामा पनि परिवर्तन आयो, अझै धेरै जिम्मेवारी थपियो । घरको आर्थिक अवस्था कमजोर भएकोले घर व्यवहार चलाउन मुस्किलै पर्न थाल्यो । त्यसैले कुनै काम गरेर गुजारा चलाउनु पर्ने अवस्थाको सिर्जना भयो ।

परिवार सङ्ख्यासँगै घर खर्च पनि बढ्दै जान थाल्यो । छोराछोरी पढाउन घर व्यवहार चलाउनै पनि गाह्रो हुनथाल्यो । यस्तो अवस्थामा प्रमिलादेवीसँग एक मात्र विकल्प थियो, कृषि पेशामा लाग्ने । उहाँसँग पर्याप्त जग्गा जमिन थिएन । सासू ससुराको थोरै जग्गा भए पनि उहाँले आफ्नो काम त्यसैबाट सुरूवात गर्नुभयो । विस्तारै घर खेतको व्यवस्था हुँदै गयो ।

उहाँले २०४१ सालबाट गाई, भैसीं, वाखा लगायत पशुपालन र खेतीपाती शुरु गर्नुभयो । प्रारम्भमा ४-५ कठ्ठा जग्गामा खेतीको सुरुवात गर्नुभयो । मेहनती प्रमिलादेवीको  घर वरिपरि फलफूलको बगैचा छ । सुन्दर फूलबारीमा मगमगाउँदा फूलहरू फुल्छन् । थोरै भएको जग्गाको बगैँचामा समयानुसार लटरम्म आँप, अम्बा, मेवा, कागती, लगायतका फल फल्छन् । तरकारी बारीमा, आलु, भान्टा, काउली, गोलभेडा, मूला, रायो साग, तोरीको साग साथै लसुन, प्याज, मेथी, लाफाको साग लगायतका मौसमी तरकारीहरू रोपिएका छन् ।

प्रमिलादेवीको दैनिकीमा मुख्यत: कृषिसम्बन्धी काम नै हुने गर्छ । गाईभैंसीलाई घाँसकुँडो खुवाउने, गोबर फाल्ने, भैंसी दुहुने, मोही पार्ने, दूध लगेर शहरमा बेच्ने आदि पर्दछन् । भैंसीको गाईको गोबर खेतमा मलको लागि हाल्ने र बाँकी गोबर घरमा चुलो बाल्नका लागि वर्ष दिनलाई पुग्ने गुँइठा बनाउने काम पनि हुन्छ । बाँकी बचेको समय आफ्नो खेतीपातीमा व्यस्त हुने प्रमिला श्रीमान्लाई पनि आफू सँगसँगै खेतीको काममा नै सघाउन लगाउँनुहुन्छ ।

प्रमिलादेवीको मेहनतको फलस्वरूप विस्तारै तरकारी खेती फस्टाउँदै गयो र त्यसबाट राम्रो आम्दानी हुन थाल्यो । वर्षको बाह्रै महिना मौसमी तरकारी फल्ने हुनाले त्यसैबाट घरपरिवार व्यवहार चलाउन सजिलो भयो । बिस्तारै त्यति जग्गामा मात्रै खेती गरेर पुग्दैन भन्ने कुरा भयो । घर परिवारमा (बटैया) जग्गा लिएर थप खेती गर्न थाल्नुभयो । थप जग्गामा खेती गर्न परिश्रम तथा पैसा बढी खर्च गर्नु पऱ्यो र काम गर्ने मानिस पनि खोज्नु पर्ने भयो । आफूले मात्र गरेर सम्भव नहुने भयो । त्यस कारण आफू सँगसँगै थप महिला पुरुषलाई पनि खेतीमा काम गर्न बोलाएर काम गर्ने अवसर दिन थाल्नुभयो ।

प्रमिलादेवीलाई खेतमा फलेको तरकारी बेच्न हप्तामा ३ वटा हाट जानु पर्दछ- सिरहा हाट, माडर हाट र मौल हाट । टाउकोमा ढकिया बोकेर र श्रीमान्ले साइकलमा बोकेर हाटसम्म पुऱ्याएर बेचेर साँझ घर फर्कने गर्नुहुन्थ्यो तर पछि पछि व्यापारीहरू खेतमै गएर थोकमा खरिद गर्न थालेपछि भने अलि सहज भएको छ, उहाँलाई ।

घरमा पालेका पशुपंक्षी बिरामी परेको प्रमिलादेवीलाई तुरुन्तै थाहा हुन्छ । कहिले खाने तेल तताएर, मेथी फुराएर, कहिले गाँजा या भाङ पकाएर तिनीहरूको घरेलु उपचार गर्नुहुन्छ र निको पार्नुहुन्छ । बोट बिरुवामा रोग लागे पनि आफै औषधी गर्नुहुन्छ । झयाङगिन नसकेका काँक्रो र सिमी, लौका, फर्सी, घिरौलाका डाँठहरूबाट लुकेका कीराहरू निकाल्नुहुन्छ । कहिले तात्तातो खरानी लगेर बिरुवाको फेदमा राख्नुहुन्छ र जरामा लागेका कीटाणुहरूलाई भगाउँनुहुन्छ । तब तरकारीका बोटहरू कल्कलाउँदै झयाङगिन्छन्, अनि फुल्छन् र लटरम्म फल्छन् र त्यसबाट आम्दानीको श्रोत राम्रो बनेको छ ।

यति मात्र होइन, प्रमिला समाजसेवा र राजनीतिमा पनि सक्रिय हुनुहुन्छ । प्रमिलादेवी गाउँको स्वास्थ्य स्वयंसेविका पनि भएकोले गाउँघरमा आपतकालीन उपचारको साथै प्रसव वेदनामा परेका महिलाहरूलाई मद्दत गर्नुहुन्छ । केही दुःख पर्ने बित्तिकै छिमेकका महिलाहरू उहाँसँग सल्लाह लिन तुरून्त बोलाउन आउँछन् । विगत १० बर्षदेखि अखिल नेपाल महिला सङ्घमा आबद्ध प्रमिलादेवी अखिल नेपाल महिला सङ्घ सिराहाको क्षेत्रीय अध्यक्ष पनि हुनुहुन्छ । उहाले महिलाहरुलाई राजनितिक ,सामाजिक प्रशिक्षण दिनुहुन्छ । महिला विरुद्ध हुने हिंसा बारे पनि सचेत पार्नु हुन्छ र महिलाहरु आत्म निर्भर बन्नु पर्छ भनेर हौसला दिनुहुन्छ । पार्टी राजनीतिमा पनि उहाँ सक्रिय हुनुहुन्छ ।

यसरी उहाँले आफ्नो परिश्रम, मेहनत, आत्मविश्वास र मानिसहरूसँगको सौहाद्रताबाट एक कठिन भएको जीवनलाई सम्मानजनक अवस्थामा पुऱ्याउन सफल हुनुभयो । आफ्नो घरपरिवारको सहयोग र परिश्रमबाट ४-५ कठ्ठा र अधिया खेती जग्गामा गरेको खेतीबाट भएको आम्दानीबाट घरपरिवार बालबच्चाको पालनपोषण गर्दै छोरीको बिहे गर्नुभयो भने १ बिघाह जग्गा पनि जोड्न सफल हुनुभएको छ । अहिले आफ्नो जग्गामा तरकारी खेती गर्नुहुन्छ । खेतमा वर्षभरि मौसम अनुसारको तरकारी खेती हुन्छ ।

खेती किसानीमा आफू मात्रै काम गरेर सम्भव नभएकाले थप काम गर्ने व्यक्तिहरू राख्नुभएको छ । वर्षमा एक सयदेखि दुई सय जना महिलाहरू काममा संलग्न हुने गरेका छन् । प्रमिलादेवीको सफलताबाट प्रेरित भएर काम गर्ने महिलाहरूको अवस्था पनि राम्रो हुँदै गएको छ, सुधिँदै गएको छ । प्रमिलाको सुरुवातको अवस्था अलि कठिन भए पनि बिस्तारै परिश्रमअनुसारको आम्दानी गर्दै जाँदा जोश, जाँगर उत्साह हौसला बढ्दै गएको छ । घरपरिवार चलाउन पनि सहयोग पुग्ने, जीवनस्तर राम्रो हुने र आफूसँगसँगै अरु महिलाहरूलाई पनि रोजगारको अबसर र काम गर्ने प्रेरणा पनि मिलेको छ ।